# मानमिन समाचार

अङ्क - ९ जुलाई ८, २०१२

# २०१२ क्रिष्टल सङ्गीत महोत्सवमा येशू ख्रीष्ट उचालिनुभएको


## आत्माका कार्यहरूद्वारा जागृतिको आगो इस्राएलमा प्रज्वलित













● तस्वीर १: सन् २००९ डा. लीको इस्राएल संयुक्त क्रूसेडपछि इस्राएली पास्टरहरूले नयाँ सामर्थ्य पाउनुभयो र साहससाथ येशू ख्रीष्टको प्रचार गर्न थाल्नुभयो। ● तस्वीर २: मे १९ मा आयोजित २०१२ क्रिष्टल सङ्गीत महोत्सव ● तस्वीर ३: मानमिन केन्द्रीय मण्डलीको प्यासन कोरसको प्रस्तुति ● तस्वीर ४:२०१२ क्रिष्टल सङ्गीत महोत्सवका आयोजक सदस्यहरू र कलाकारहरू ● तस्वीर ५: क्रिष्टल फोरमका प्रतिनिधि, पास्टर दानिएल रोजेन शक्तिको रूमालद्वारा विश्वभरि बिरामीहरूका लागि प्रार्थना गरिरहनुभएको छ ● तस्वीर ६: सन् २०११ डिसेम्वरमा आयोजित क्रिष्टल फोरमको तेस्रो वार्षिकोत्सव कार्यक्रम तस्वीर ७: सन् २०११ अक्टोवरमा आयोजित डा. जेरक लीको इस्राएल संयुक्त क्रूसेडको दोस्रो स्मरणोत्सव सम्मेलन (वक्ता: विश्व जागृतिकर्ता डा. मोरिस सेरूल्लो)

मे १९ तारिखका दिन इस्राएलको लाट्रन मिनीमा २०१२ क्रिष्टल सङ्गीत महोत्सव सफलतापूर्वक सम्पन्न भयो । सो कार्यक्रम क्रिष्टल फोरम (इस्राएली पास्टरीय संघ) द्वारा आयोजना गरिएको थियो र त्यहाँ करिब २००० मानिसहरूको उपस्थिति रहेको थियो। रसिया, अमेरिका, यूक्रेन, बुल्गेरिया र फिन्ल्याण्डजस्ता धेरै देशहरूबाट उच्च स्तरीय स्तुति प्रशंसाका गायक-गायिकाहरूको सहभागिता रहेको यस कार्यक्रम टि.बि.एन.-रसियामार्फत करिब १५० ओटा देशहरूमा प्रत्यक्ष प्रसारण गरिएको थियो।

मानमिन केन्द्रीय मण्डलीको कला प्रस्तुति समितिबाट प्यासन कोरस र डिकन रोन्या-सनलाई निम्त्याइएको थियो र उहाँहरूले प्रशंसा र नाचहरूबाट परमेश्वरलाई महिमा दिनुभयो । उहाँहरूले दर्शकहरूलाई स्वर्गको सम्झना दिलाउने सुन्दर पहिरनहरूमा प्रस्तुति दिनुभएको थियो र पवित्र आत्माको भरपूरीमा हिब्रू, रसियन, अनि लिङ्गाला भाषाहरूमा प्रशंसाका गीतहरू गाउनुभएको थियो । कतिपय, मानिसहरू आफ्ना भाषामा ती कलाकारहरूको शुद्ध उच्चारण देखेर चकित हुनुहुन्थ्यो र कतै उहाँहरूले पहिल्यैबाट रेकर्ड गरिएका गीतहरूमा प्रस्तुति दिनुभएको हो कि भनी प्रश्न गर्नुभएको थियो। स्थानीय इस्राएली मण्डलीहरूले खुलेआम र साहससित येशू ख्रीष्टको प्रशंसा एकै हृदयका साथ गरेको हुनाले यो उत्सव निकै अर्थपूर्ण रहेको थियो । येशू ख्रीष्टलाई ग्रहण गरेको कारण मसिही यहूदीहरूलाई समाजमा अवहेलना र अलग गरिएको थियो तर पवित्र आत्माका कार्यहरूद्वारा उहाँहरूले सामर्थ्य पाएर खुला स्थानमा प्रभुको प्रशंसा गर्नुभयो।

सिनियर पास्टर डा. जेरक लीले सन् २००७ देखि सन् २००९ सम्म तीन वर्षको अवधिमा इस्राएलको १२ ओटा भ्रमणहरूद्वारा इस्राएलका सबै क्षेत्रहरूमा शक्तिशाली कार्यहरूसहित सुसमाचार प्रचार गर्नुभएको थियो । आत्माका कार्यहरूद्वारा, स्थानीय पास्टरहरूले इस्राएलप्रति परमेश्वरको प्रेम र प्रबन्ध महसुस गरेर इस्राएली मण्डलीहरूको वृद्धि र पास्टरीय संघको संगठनको लागि उहाँहरू आत्मामा भेला हुनुभयो । अन्ततः उहाँहरूले "क्रिष्टल फोरम" नामक पास्टरीय संघ गठन गर्नुभयो। त्यसपछि, क्रिष्टल फोरमले यरूशलेमको आइ.सि.सि. (अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र) मा डा. जेरक लीको २००९ इस्राएल संयुक्त क्रूसेड आयोजना गरेको थियो। क्रूसेडको समयमा, डा. लीले "किन येशू हाम्रो एक मात्र मुक्तिदाता हुनुहुन्छ ?" भन्ने शीर्षकमा साहससाथ वचन प्रचार गर्नुभएर इस्राएलमा सुसमाचार फर्काएर ल्याउनुभएको थियो। सो कार्यक्रम करिब २०० ओटा देशहरूमा प्रत्यक्ष प्रसारण भएको थियो जसले सम्पूर्ण विश्वलाई अचम्भित तुल्याएको थियो।

क्रिष्टल फोरमका पास्टरहरूले इस्राएल लगायत अमेरिका, रसिया, यूक्रेन, बुल्गेरिया, इस्टोनियाजस्ता समुद्रपारका देशहरूमा डा. जेरक लीले प्रार्थना गर्नुभएको रूमाल लिएर क्रूसेडहरू आयोजना गर्नुभएको छ (प्रेरित १९:११-१२) । उहाँहरूले ती सभाहरू अगुवाइ गर्नुभएका ठाउँहरूमा आत्माका ज्वालामय कार्यहरू प्रकट भएर ईश्वरीय चङ्गाइका घटनाहरू भए। ती सभाहरूद्वारा धेरै मानिसहरूको जीवन परिवर्तन भएको छ। उहाँहरूका गवाहीहरू निरन्तर हामीले पाइरहेका छौं।


थपअझै, जाग, इस्राएल !, क्रूसको सन्देश, विश्वासको नाप, मृत्यु अघि अनन्त जीवनको स्वाद, र स्वर्ग १ र २ जस्ता डा. लीका पुस्तकहरूको व्यापक वितरणले पवित्रताको सुसमाचारको प्रचारले गति लिएको छ। पवित्रताको सुसमाचारलाई व्यवस्थित ढङ्गबाट बुझ्नलाई अगुवाइ गर्ने प्रवचनहरूमा आधारित एम.आइ.एस. (मानमिन अन्तर्राष्ट्रिय सेमिनारी) का पाठ्यक्रमहरू तेल अबिब, अश्दोद र यरूशलेममा खोलिएका छन् जसले गर्दा विश्वासीहरूले वचनद्वारा आफूलाई तयार गर्न सक्दछन् र आफ्नो आत्मिकी विश्वास वृद्धि गर्न सक्दछन् । एम.आइ.एस. का पाठ्यक्रमहरू यूक्रेन, साइप्रस र काजकस्तानमा पनि खोलिएका छन्। वर्तमानमा, इस्राएलमा डा. लीका प्रवचनहरू र उहाँको बिरामीहरूका लागि प्रार्थना प्रत्येक दिन टि.बि.एन.-रसिया, सि.एन.एल टि.भि., होली गड टि.भि. र रोडनोयमार्फत् प्रसारण भइरहेका छन् र धेरै मानिसहरूले चङ्गाइ र परिवर्तन महसुस गरिरहेका छन्।

मिरा रभरीले गवाही दिनुभएको छ कि टि.बि.एन.-रसियाबाट समय र दूरीलाई माथ गर्ने डा. लीको प्रार्थनाद्वारा उहाँ स्वस्थ्य हुनुभएको छ र रक्सी अनि लागू पदार्थको लतबाट उहाँको माहिलो छोरो परिवर्तन हुनुभएको छ। हामी ठूलो अपेक्षा गर्दछौं कि पवित्रताको सुसमाचार सक्रिय रूपले फैलिनेछ र पवित्र आत्माका ज्वालामय कार्यहरू निरन्तर भइरहनेछन्।

## "क्रूसको सन्देश" श्रृंखला - (९)

# किन येशू हाम्रो एक मात्र मुक्तिदाता हुनुहुन्छ ?

## मुक्तिदातामा हुनुपर्ने योग्यताहरू (२)



सिनियर पास्टर रेभ.डा. जेरक ली

"तापनि परिपक्व भएकाहरूका बीचमा हामी बुद्धिको प्रचार गर्दछौं, तर यस युगको बुद्धि होइन, नता यस युगका शासकहरूको बुद्धि, जो निश्चय बितिजानेछ । तर हामी परमेश्वरको गुप्त र लुकेको बुद्धिको प्रचार गर्दछौं, जो युग-युगअघि हाम्रो महिमाको निम्ति परमेश्वरले नियुक्त गरिदिनुभयो" । (१ कोरिन्थी २:६-७)

जब खीष्टियनहरू परमेश्वरको प्रेमबाट अनभिज्ञ रहेका मानिसहरूलाई येशू खीष्ट मात्र मुक्तिदाता हुनुहुन्छ र हामी अरू कोहीद्वारा पनि मुक्ति पाउन सकदैनौं भनी बताउँछन् तब ती मानिसहरू कि त अन्यौलमा पर्दछन् वा इसाईत्वलाई "स्व-धार्मिक" भएको दोष लगाउँछन् । तापनि, मानिसहरूले मुक्तिदातामा हुनुपर्ने योग्यताहरू बुझिसकेपछि, क्रूसमा मर्नुभएर पुनरूथान हुनुभएको येशू खीष्टलाई ग्रहण गरेर मुक्ति प्राप्त गर्न सक्दछन् । थपअझै, उनीहरूले पवित्र आत्मा र परमेश्वरको शक्ति अनगिन्ती आत्माहरूलाई मुक्तिको मार्गमा डोऱ्याउँदै प्रभुको साक्षीहरू बन्न सक्दछन् ।

गत सेसनमा, मैले बताएको थिएँ कि भूमिको छुट्काराको व्यवस्थाअनुसार (लेवी २५:२५), मानवजातिको मुक्तिदाता पहिलो आदमको "नजीकको नातेदार" हुनुपर्दछ र दोस्रो आदमको सन्तान हुनुहुँदैन । आज हामी मुक्तिदातामा हुनुपर्ने तेस्रो र चौथो योग्यताहरू हेरौं ।

### १. येशूले तेस्रो शर्त पूरा गर्नुहुन्छ: "मुक्तिदातामा शत्रु शैतानलाई जित्न सक्ने शक्ति हुनुपर्दछ ।"

युद्ध भूमिमा बन्दी बनाइएका आफ्ना साथी सिपाहीहरूलाई उद्धार गर्नका लागि शत्रुलाई जित्न सक्ने शक्ति हुनुपर्दछ । त्यसैगरी, शत्रु शैतानका दासहरू बनेका मानवजातिको उद्धार गर्नका निम्ति आत्मिक शक्ति हुनुपर्दछ जसले शत्रुलाई जित्न सक्छ । आत्मिक राज्यमा, पापरहित हुँदा शक्ति पाउँदछ । जसरी ज्योतिले अन्धकारलाई हटाउँदछ त्यसरी नै जब मानिसहरू कुनै पनि पाप विना ज्योतिमा रहन्छन् तब उनीहरू अन्धकारका दुष्ट आत्माहरूलाई जित्न सक्दछन् ।

पाप दुइ प्रकारका हुन्छन्: मौलिक पाप र आफैंले गरेको पाप । "मौलिक पाप" ले ती पापमय स्वभावहरूलाई जनाउँदछन् जुन हामीमा आदमबाट सरेर आएका छन् र "आफैंले गरेका पाप" ले ती पापहरूलाई जनाउँदछ जुन मानिसहरूले यस संसारमा जीवन बिताउँदा आफूले गरेका हुन्छन् ।

यस संसारका मानिसहरूले सोच्दछन् कि कुनै व्यक्तिको हृदय जति नै दुष्ट भए तापनि त्यो दुष्ट हृदयले दुष्ट कामहरू नगरेसम्म त्यो व्यक्ति "पापी" हुँदैन । तर आत्मिक मामिलामा, यदि त्यो व्यक्तिले आफ्नो हृदयमा पाप राखेको छ भने त्यो व्यक्ति पापी ठहरिएको हुन्छ (१ यूहन्ना ३:१५; मत्ती ५:२८) ।

कुनै पनि व्यक्ति जसले केवल एक पटक मात्रै भए पनि कार्य वा हृदयमा पाप गरेको छ भने उसमा मानवजातिलाई बचाउने शक्ति हुँदैन । एकातिर, आदमपछि जन्मिएका सबै मानिसहरू मौलिक पाप लिएर जन्मिएका हुन्छन् र आफ्ना जीवनकालभरि पापहरू गर्दछन् । अर्कोतिर, हाम्रो येशू पवित्र आत्माद्वारा गर्भधारण हुनुभएको थियो र आदमको सन्तान हुनुहुन्नथ्यो ।

त्यसकारण, येशू अन्तर्निहित मौलिक पाप विना नै जन्मनुभएको थियो र उहाँले जन्मिएको समयदेखि नै सम्पूर्ण रूपले परमेश्वरको वचन पालन गर्नुभएको कारण पृथ्वीमा उहाँको जीवनभरि येशूले कुनै पापहरू गर्नुभएन (हिब्रू ७:२६; १ पत्रुस २:२२) ।

त्यसैले, येशूसित मानवजातिलाई शत्रु शैतानबाट बचाउने शक्ति छ र "पापको ज्याला मृत्यु हो" भन्ने व्यवस्थाको श्रापको अधीनमा उहाँ हुनुहुन्न (रोमी ६:२३) । येशू पापरहित हुनुभएकोले उहाँले सबै पापीहरूलाई बचाउन सक्नुभयो र उहाँको आत्मिक अख्तियारद्वारा उहाँले ब्रम्हाण्डका सबै थोकहरूमाथि शासन गर्न सक्नुभयो । अब उहाँको अघि दुष्ट शत्रु शैतान मात्र नभई सबै प्रकारका रोगहरू र कमजोरीहरूले पनि घुँडा टेक्नु परेको थियो ।

आत्मिक राज्यको व्यवस्थाको यो प्रबन्ध येशूमा मात्रै होइन तर येशूमा विश्वास गर्ने सबै परमेश्वरका छोराछोरीहरूमा लागू हुन्छ । जसले परमेश्वरलाई प्रेम गर्दछ र उहाँको वचनअनुसार जिउँदछ उसमा आत्मिक शक्ति हुन्छ जसले गर्दा येशू खीष्टको नाउँमा दुष्ट शत्रु र शैतानलाई धपाउँदा उनीहरूको उसको अघि खडा हुन सक्दैनन् । मानव इतिहासमा - येशूबाहेक - अरू कसैले पनि मुक्तिदाताको निम्ति शर्तहरू पूरा गर्न सक्दैन । बुद्ध, कनफ्यूसियस र शुकरातजस्ता महान् व्यक्तिहरू आदमको सन्तानको रूपमा मौलिक पापसहित जन्मिएका थिए र परमेश्वरको दृष्टिमा पवित्र जीवन जिएनन्; केवल येशू मात्र मानवजातिको मुक्तिदाता बन्नको लागि योग्य हुनुहुन्छ ।

### २. येशूले चौथो शर्त पूरा गर्नुहुन्छ: "मुक्तिदातामा आफैंलाई बलिदान गर्न सक्ने प्रेम हुनुपर्दछ ।"

यदि कुनै भाइले आफ्नो ऋण नतिरेको कारण कानूनी सजाय पाउन लागेको छ भने उसकी धनी दिदीले उसको ऋण तिरिदिएको खण्डमा ऊ सजायबाट उम्किन सक्छ । तर यदि त्यो दिदीले आफ्नो भाइलाई प्रेम गर्दिनन् भने उनको सारा सम्पतिको कुनै अर्थ रहँदैन । उसकी दिदीले आफू घाटा सहेर पनि भाइको ऋण तिरिदिने गरी उसलाई प्रेम गर्छिन् भने मात्र उनले उसको ऋण तिरिदिन सक्छिन् ।

भूमिको छुट्काराको व्यवस्थाअनुसार जमीन बेच्ने व्यक्तिको नजीकको नातेदारले उसलाई प्रेममा सहायता गर्न चाहन्छ भने मात्र जमीन निखन्न सकिन्छ । मानवजातिलाई उनीहरूका पापहरूबाट उद्धार गर्न पनि यही कुरा लागू हुन्छ । मुक्तिदाताको निम्ति येशूले अगाडिका तीन ओटा शर्तहरू पूरा गर्नुभए तापनि प्रेम विना उहाँले पापीहरूलाई उनीहरूका पापबाट उद्धार गर्नुहुने थिएन ।

मानवजातिको मुक्तिदाता बन्नका लागि उहाँले सबै पापीहरूका निम्ति धेरै दु:ख र यातना अर्थात् "मृत्युको सजाय" भोग्नु आवश्यक थियो । अन्त्यमा उहाँलाई जघन्य अपराधीलाई झैं व्यवहार गरियो, हर तवरले तिरस्कार र अपमान गरियो, क्रूसमा टाँगियो र शरीरबाट सबै पानी र रगत बग्नका लागि उहाँलाई छेडियो ।

अपराधीहरूलाई प्राणदण्ड दिने थुप्रै तरिकाहरू छन् तर आत्मिक राज्यको व्यवस्थाअनुसार, पापीहरूलाई उनीहरूका पापबाट उद्धार गर्ने मुक्तिदाता सामान्य रूपमा मारिने मात्र होइन तर उनलाई क्रूसमा झुण्ड्याएर रगत बगाएर मार्नुपर्थ्यो ।

यसको बारेमा, गलाती ३:१३ ले हामीलाई बताउँदछ, "हाम्रा निम्ति सराप बनेर खीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि 'काठमा झुण्डिने हरेक श्रापित हुन्छ' भन्ने लेखिएको छ ।" यहाँ, "व्यवस्थाको सराप" ले "पापको ज्याला मृत्यु हो" भन्ने रोमी ६:२३ को आत्मिक व्यवस्थालाई बुझाउँदछ ।

व्यवस्थाको सराप, मृत्यु, पापीमा आत्मिक राज्यको व्यवस्थाअनुसार नै आएको कारण मानवजातिलाई उनीहरूका पापबाट मुक्तिदाताले बचाउने तरिका पनि आत्मिक राज्यकै व्यवस्थाअनुसार हुनु पर्दथ्यो । यसको मतलब मुक्तिदाता श्रापित पापीहरूको सट्टामा क्रूसमा झुण्ड्याइनुपर्थ्यो ।

मुक्तिदाताले रगत बगाएर मर्नुपर्ने कुरामा पनि यही नियम लागू हुन्छ । लेवी १७:१४ ले भन्दछ, "सबै जीवधारीको प्राण तिनीहरूको रगतमा हुन्छ", अनि हिब्रू ९:२२ ले हामीलाई यो बताउँदछ, "वास्तवमा, व्यवस्थाअनुसार रगतले प्राय: सब थोक शुद्ध पार्दछ, र रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन ।" आत्मिकी नियमअनुसार "रगत" चाहिँ "जीवन" बराबर भएकोले पापीहरूले क्षमा पाएर जीवन प्राप्त गर्नका निम्ति मुक्तिदाताको रगत आवश्यक थियो ।

तरैपनि, रूखमा झुण्डिएको जोसुकै व्यक्तिको रगतद्वारा मानिसले आफ्ना पापहरूबाट छुट्कारा पाउन सक्दैन तर उद्धारको निम्ति कुनै पनि पापमय स्वभावरहित शुद्ध र पवित्र रगत आवश्यक पर्दछ । तपाईंको विचारमा के कुनै पापरहित व्यक्ति अरूको निम्ति यस्तो निर्दयी मृत्यु भोग्न तयार हुन्छ ? यस्तो बलिदान त्यतिखेर मात्र सम्भव छ जब कुनै व्यक्तिले कसैलाई आफ्नो प्राणभन्दा पनि बढी प्रेम गर्दछ । मानवजातिलाई यस्तो प्रेम देखाएर, येशू हाम्रो मुक्तिदाता बन्नुभयो (रोमी ५:७-८) ।

खीष्टमा प्रिय दाजुभाइ तथा दिदी बहिनीहरू, हाम्रो परमेश्वरको प्रेम परिवर्तन हुँदैन र यसले आफ्नै फाइदा खोज्दैन । त्यही प्रेमद्वारा परमेश्वरले आफ्नो एक मात्र पुत्र अनाज्ञाकारी पापीहरूको निम्ति समेत दिनुभयो । यो साँचो प्रेम हो जसले गर्दा येशूले आफ्नो जीवन बलिदान गर्नुभयो र आफ्नो मुक्तिदातालाई उपहास गर्ने क्रूसमा झुण्ड्याउने पापीहरूको निम्ति, "पिता, यिनीहरूलाई क्षमा गरिदिनुहोस् किनभने यिनीहरू के गर्दैछन् सो जान्दैनन्" भनी याचना गर्नुभयो ।

मानमिन समाचारको गत सेसनबाट हामीले मानवजातिको मुक्तिदातामा हुनुपर्ने चार ओटा योग्यताहरू हेरेका छौं । तपाईंहरू हरेकले येशू मात्रै हाम्रो मुक्तिदाता हुनुहुन्छ भनी स्पष्टसित बुझेर येशू खीष्टलाई ग्रहण गरी मुक्ति प्राप्त गर्ने मात्रै होइन तर साँचो विश्वास प्राप्त गरेर अनगिन्ती मानिसहरूलाई पनि मुक्तिको बाटोमा डोऱ्याउनुभएको होस् भनी हाम्रो प्रभु येशू खीष्टको नाउँमा म प्रार्थना गर्दछु ।

### विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रीय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रीय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रीय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुट्कारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रीय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रीय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
नेपाल मानमिन मिशन सेन्टर, कुपण्डोल ललितपुर नेपाल
राजधानी दैनिकसँगै (चौथो तलाको झ्यालमा रातो क्रूस)
फोन नं. ०१-५५४२०८९, जिपिओ ८९७५, इपिसी १५७७
http: //www.manmin.org/english
प्रकाशक : डा.जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन

# ३७ देशहरूका चिकित्सकहरूद्वारा आध्यात्मिकता र औषधिशास्त्रमा छलफल नवौं डब्लू.सि.डि.एन. (अन्तर्राष्ट्रिय खीष्टियन चिकित्सकीय सम्मेलन) केन्यामा सम्पन्न



डब्लू.सि.डि.एन. को नवौं अन्तर्राष्ट्रिय खीष्टियन चिकित्सकीय सम्मेलन अफ्रिकाको केन्यामा सम्पन्न भएको छ जहाँ ३७ ओटा देशहरूबाट करिब ४०० चिकित्सक र स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो । जीवित परमेश्वरका कार्यहरू प्रकट गर्ने आठ ओटा चङ्गाइका प्रस्तुतिहरू र विभिन्न प्रकारका विशेष ब्याख्यानहरूले उपस्थित सहभागिहरूलाई औषधिशास्त्र सम्बन्धि आफ्नो ज्ञानको संरचना तोड्न सहायता पुऱ्याउँदै उहाँहरूमा विश्वास हालिदिने काम गरेको थियो ।

सन् २०१२ मे महिनाको २५ र २६ तारिखका दिन केन्याको नाइरोबी सफारी पार्क होटलमा डब्लू.सि.डि.एन. (विश्व खीष्टियन चिकित्सक संघ) द्वारा आयोजित नवौं अन्तर्राष्ट्रिय खीष्टियन चिकित्सकीय सम्मेलन सम्पन्न भएको थियो ।

"आध्यात्मिकता र औषधिशास्त्र" विषयक उक्त सम्मेलनमा ३७ ओटा देशहरूबाट करिब ४०० जना चिकित्सकहरू र स्वास्थ्यकर्मीहरूको उपस्थिती रहेको थियो । मे २५ को दिन, यस संघका संस्थापक र सभापति रेभ. डा. जेरक लीले पर्दामार्फत आफ्नो सन्देश जारी गरी दर्शकहरूलाई यसो भन्नुभएको थियो, "परमेश्वरका चङ्गाइका कार्यहरूद्वारा, म आशा गर्दछु तपाईंले सक्दो प्रयासका साथ परमेश्वरको प्रेम धेरै आत्माहरूमाझ पुऱ्याउनुहुनेछ ।"

डब्लू.सि.डि.एन. को अध्यक्ष डा. गिलवर्ट चेइले शुरूवातमा वक्तव्य दिँदै डब्लू.सि.डि.एन. को पृष्ठभूमि र उद्देश्यका साथमा खीष्टियन चिकित्सकहरू दर्शनको बारेमा बताउनुभयो । त्यसपछि, सम्मेलन आयोजक समितिको प्रमुख डा. जिप्पोरा नगुमीले आफ्नो स्वगत मन्तव्यमा खीष्टियन चिकित्सकहरूको भूमिकालाई जोड दिँदै भन्नुभयो, "डाक्टरहरूले औषधि लेखिदिएपछि पनि स्थानीय मानिसहरूलाई औषधि किन्न कठिनाइ हुन्छ । तर जब कुनै खीष्टियन डाक्टरले विश्वासका साथ बिरामीको लागि प्रार्थना गर्नुहुन्छ तब बिरामीहरूले पनि विश्वास गर्न सक्छन् र प्रायः निको हुन्छन् ।"

यूनाइटेड होलिनेस चर्च अफ जिजस क्राइष्टको उप-सभापति डा. एस्तर गुयोङ्ग चङ्गले मुख्य मन्तव्य दिनुभयो । उपस्थित खीष्टियन चिकित्सकहरूमा आत्मिकतालाई जगाउँदै उहाँले भन्नुभयो, "परमेश्वरलाई प्रेम गर्नु भनेको उहाँका आज्ञाहरू पालन गर्नु हो । जब तपाईं पवित्र जीवन जिउनुहुन्छ तब तपाईंले स्वर्ग र पृथ्वी दुवैमा आशिष् प्राप्त गर्न सक्नुहुनेछ ।"

सम्मेलनमा मेडिकल डाटासहित आठ ओटा ईश्वरीय चङ्गाइका घटनाहरू प्रस्तुत गरिएका थिए : ती मध्ये चार ओटा चङ्गाइ, रेभ. डा. जेरक लीको प्रार्थनाद्वारा अन्य देशहरूबाट पठाइएको रूमालमा उहाँले प्रार्थना गरिदिनुभएर ती रूमाल बिरामीमाथि राख्दा, भएका थिए ।

उल्सान विश्वविद्यालय अस्पतालको, बालचिकित्सा विभागका डा. जोन-सुङ्ग किमले ईश्वरीय चङ्गाइ प्रार्थनाद्वारा दृष्टि तीक्ष्णतामा आएको सुधारका केही उदाहरणहरू प्रस्तुत गर्नुभएको थियो र बान्सुक आन्तरिक विकिरण चिकित्सा विभागका निर्देशक डा. चाङ्ग क्यू याङ्गले प्रार्थनाद्वारा स्तन क्यान्सर निको भएको चङ्गाइको घटना प्रस्तुत गर्नुभएको थियो ।

एक केन्याली डाक्टर/चिकित्सक, एडिथ ओपालाले एक भूतपूर्व सूडानी प्रहरी अधिकृत केन्यी माइकलको चङ्गाइको घटना प्रस्तुत गर्नुभयो जसको कम्मर मुनिको भाग पक्षघातको कारण चल्न नसक्ने थियो तर यूनाइटेड होलिनेस चर्च आफ जिजस क्राइष्ट, अफ्रिकाको सभापति विशप डा. म्योङ्ग-हो चङ्गको प्रार्थनाद्वारा उहाँ निको हुनुभयो र आफ्नो व्हीलचेअरबाट उठेर हिँड्न थाल्नुभयो । डा. ब्रायन एस.योले एक थाई बहिनी रोसारिनको घटना प्रस्तुत गर्नुभयो जो systemic Lupus erythematosus (शरीरको प्रतिरोधात्मक क्षमतामा गडबडी आएर हुने रोग जसले शरीरका विभिन्न अङ्गहरूलाई असर पार्दछ) र ciprofloxacin (एक प्रकारको कडा औषधि) का गम्भीर प्रतिअसरहरूबाट पीडित हुनुहुन्थ्यो तर जी.सि.एन. टि.भी. मा डा. जेरक लीको प्रार्थना ग्रहण गरेर निको हुनुभएको थियो । कुनै औषधि उपचार विना निको भएका यी ईश्वरीय चङ्गाइका घटनारूको प्रस्तुतिको समयमा, उपस्थित चिकित्सकहरूले औषधिशास्त्रमा आफूसित भएको ज्ञानको संरचनालाई तोडेर परमेश्वरको असीम शक्तिमा चकित पर्नुभएको थियो ।

एक भारतीय महिला चिकित्सक, बृन्दा भेन्कत्रमनले एक महिलाको घटना प्रस्तुत गर्नुभयो जो १८ वर्षदेखि lumbar disc herniation (अर्थात् कम्मरको हाडको चक्का स्वभाविक स्थानबाट छिद्रबाट बाहिर निस्कने रोग) बाट पीडित हुनुहुन्थ्यो र कुनै शल्यक्रिया विना नै प्रार्थनाद्वारा निको हुनुभएको थियो । डा. जिप्पोरा नगुमीले एक अफ्रिकी महिलाको घटना प्रस्तुत गर्नुभयो जो भैंसीको आक्रमणमा पर्दा, भैंसीको सिङले उहाँको तिघ्रालाई छेडेको थियो र त्यसले गर्दा उहाँ चलमल गर्न र खान पिउन नसक्ने हुनुभएको थियो तर एक पास्टरको प्रार्थनाद्वारा उहाँले चङ्गाइ पाउनुभयो । डोमिनिकल रिपब्लिकबाट डा. एलियो ए. कोराडिनले low grade uterine stromal sarcoma (एक प्रकारको पाठेघरको क्यान्सर) निको भएको साक्षी प्रस्तुत गर्नुभएको थियो । अमेरिकाबाट डा. अरमान्डो पिनेडा-भेलजले pseudomembranous colitis (ठूलो आन्द्रामा हुने संक्रमण-वृहतआन्त्रशोथ) निको भएको घटनालाई प्रस्तुत गर्नुभएको थियो ।

ती चङ्गाइका घटनाको प्रस्तुतिपछि प्रश्नोत्तर सेसन राखिएको थियो । ती घटनाका कतिपय मानिसहरू आफैं त्यस सम्मेलनमा उपस्थित हुनुहुन्थ्यो र यसले दर्शकहरूको ध्यान खिँचेको थियो । थपअझै, उहाँहरूलाई औषधिशास्त्रसित आध्यात्मिकता जोड्नलाई सहायता पुऱ्याउनका निम्ति विशेष ब्याख्यानहरू दिइएको थियो ।

कार्यक्रम समापनको समयमा नाइरोबी मानमिन होलिनेस चर्चको विशप डा. म्योङ्ग-हो चङ्गले आफ्नो मन्तव्यमा यसरी भन्नुभयो, "अहिले चिकित्सकहरूको निम्ति सबैभन्दा महत्वपूर्ण कुरो परमेश्वरको वचन हो । किनभने यदि उहाँहरूलाई परमेश्वरको वचनको ज्ञान छ भने, उहाँहरूले आफ्ना बिरामीहरूलाई वचन सुनाएर उहाँहरूको निम्ति विश्वाससाथ प्रार्थना गरिदिन सक्नुहुन्छ ।"

अमेरिकामा एक टि.भी. कम्पनी सञ्चालन गर्नुहुने पास्टर वसिली भोटोभिचले भन्नुभयो, "हामी प्रत्येक वर्ष डब्लू.सि.डि.एन. सम्मेलन प्रसारण गर्दछौं र यसलाई दर्शकहरूले रूचाउनुभएको छ । म विश्वास गर्दछु कि चिकित्सकहरूले आफ्ना बिरामीहरू जाँच गर्दा उहाँहरूलाई वचन सुनाएर उहाँहरूको निम्ति प्रार्थना गरिदिनुभयो भने धेरै मानिसहरूले मुक्ति प्राप्त गर्नेछन् ।

यस सम्मेलनको आयोजक डब्लू.सि.डि.एन., इसाईत्वका विभिन्न सम्प्रदायहरूका खीष्टियन चिकित्सकहरूको एक समूह हो जसको मुख्यालय दक्षिण कोरियामा छ । यस संघले विश्वभरिका खीष्टियन चिकित्सकहरूलाई एक आपसमा सङ्गती र मित्रता विकास गर्न सहायता पुऱ्याउँदै आएको छ र प्रत्येक वर्ष अन्तर्राष्ट्रिय खीष्टियन चिकित्सकीय सम्मेलनको आयोजनाद्वारा ईश्वरीय चङ्गाइका घटनाहरू प्रस्तुत गर्दै यस संघले प्रत्येक वर्ष अविश्वासनीय रूपले प्रगति गरिरहेको छ । अर्को वर्ष, मेक्सिकोमा सम्मेलन आयोजना गर्ने डब्लू.सि.डि.एन. को योजना रहेको छ ।
















१. डब्लू.सि.डि.एन. को संस्थापक र सभापति डा. जेरक लीको भिडियो सन्देश
२. सहभागिहरू हर्षसाथ प्रशंसा गर्दै
३. सम्मेलन आयोजक समितिको प्रमुख, डा. जिप्पोरा नगुमी
४. डब्लू.सि.डि.एन. को अध्यक्ष, डा. गिलवर्ट चेइ
५. क्रिष्टल कोरसको प्रस्तुति





# पाकिस्तान परमेश्वरको प्रेमद्वारा परिवर्तन

परमेश्वरले सम्पूर्ण विश्वका सबै मानिसहरूलाई बचाउन चाहनुहुन्छ । पाकिस्तानका अधिकांश मानिसहरू मुश्लिम भए तापनि, पाकिस्तान अपवादमा पर्दैन । मानमिनको मिशन समूह मार्च २०१२ मा १९ दिनका निम्ति पाकिस्तानको मिशन यात्रामा गएको थियो । सो समूहले विभिन्न सम्प्रदाय र धार्मिक समूहहरूलाई समेटेर पास्टरीय सम्मेलनमा "क्रूसको सन्देश" का प्रवचनहरूद्वारा पास्टरहरूलाई जागृत तुल्याएको थियो । डा. जेरक लीले प्रार्थना गरिदिनुभएको रूमालद्वारा प्रार्थना गर्दा पवित्र आत्माका ज्वालामय कार्यहरू भए । उहाँहरूले जीवित परमेश्वरलाई प्रमाणित गर्नुभयो र प्रेरित १९:११-१२ मा उल्लेख गरिएका पावल प्रेरितले प्रकट गर्नुभएको पवित्र आत्माका त्यस्तै कार्यहरू प्रकट गरेर उहाँहरूले बाइबलको सत्यता प्रमाणित गर्नुभएको थियो ।

### ♦ १०,००० मानिसहरू उपस्थित भएको लाहोर आश्चर्यजनक चङ्गाइ क्रूसेड

पास्टर ट्यासीक गील र उहाँको मिशन समूह मार्च १२ मा पाकिस्तानको राजधानी शहर इस्लामाबादमा आइपुग्नुभएको थियो र पास्टर ट्यासीक गीलले मार्च १३ मा आश्चर्यजनक चङ्गाइ क्रूसेड अगुवाइ गर्नुभयो । मार्च १४ तारिखको दिन विहान पास्टर ट्यासीक गीलले 'परमेश्वरले असल र खराबको ज्ञान दिने रूख राख्नुको कारण' र 'किन येशू हाम्रो एक मात्र मुक्तिदाता हुनुहुन्छ ?' शीर्षकमा प्रवचनहरू दिनुभयो । ती प्रवचनहरू डा. जेरक लीको 'क्रूसको सन्देश' सन्देश श्रृंखलामा आधारित थिए । त्यहाँ उपस्थित मानिसहरूले प्रवचन सुनेर ताली बजाउँदै खुशी व्यक्त गर्नुभएको थियो । अपरान्हतिर, पाकिस्तानी विशपहरू र सभाका प्रतिनिधिहरूले मानमिनको सेवाकाइमा सम्मिलित हुने तरिकाहरूको बारेमा चासो लिनुभएको थियो । उहाँहरूले डा. जेरक लीलाई पाकिस्तानको राष्ट्रिय मण्डलीहरूका प्रमुख र विशपहरूको परिषदको अन्तराष्ट्रिय समितिको सभापतिको रूपमा समेत चुन्नुभएको थियो । साँझको समयमा, फुल गोस्पल असेम्ब्ली ग्राउन्ड (एफ.जि.ए.) मा १०,००० मानिसहरूको उपस्थितिमा आश्चर्यजनक चङ्गाइ क्रूसेड आयोजना गरिएको थियो । पास्टर गीलले बहिनी साना खानको चङ्गाइको गवाही दिनुभयो । उहाँको कोखभित्रको भ्रूण मरिसकेको थियो तर रूमालको प्रार्थनाद्वारा उहाँले स्वस्थ्य शिशु जन्माउनुभयो । त्यस गवाहीलाई सुनेर उपस्थित मानसिहरूले उत्साहित हुँदै हर्षोल्लासका साथ ताली बजाएर परमेश्वरलाई महिमा दिनुभएको थियो ।


लाहोर

### ♦ 'क्रूसको सन्देश' सियालकोटमा प्रचार गरियो जहाँबाट सुसमाचार पाकिस्तानमा शुरू भएको थियो

मार्च १५ र १६ तारिखका दिन, पाकिस्तानको सियालकोट मण्डलीले दुइ दिने पास्टरीय सम्मेलन सियालकोटमा आयोजना गऱ्यो, जहाँबाट पाकिस्तानमा सुसमाचार प्रचार हुन शुरू भएको थियो । पास्टर गीलले 'क्रूसको सन्देश' को साथमा मानव प्रबर्द्धनको प्रबन्ध विषयमा प्रचार गर्नुभएको थियो । मार्च १७ तारिखका दिन, ३००० मानिसहरूको उपस्थितिमा आश्चर्यजनक चङ्गाइ क्रूसेड आयोजना गरियो । पास्टर गीलको रूमालसहितको प्रार्थनापछि अनगिन्ती मानिसहरू आफ्नो चङ्गाइको गवाही दिन मञ्चमा आउनुभएको थियो । मञ्च भाँचिने डरले आयोजकहरूले ती मानिसहरूलाई मञ्चमाथि आउनबाट रोक्नु परेको थियो । नसीन नाम गरेकी एक ५० वर्षिया महिला मधुमेह रोगले निम्त्याएको अन्धोपनबाट निको हुनुभयो र ४५ वर्षिया मेहमुद मस्सी आफ्नो भाँचिएको खुट्टाको शल्यक्रियाका प्रतिअसरहरूबाट निको हुनुभयो । उहाँले आफ्ना बैशाखीहरू फालेर ती विना नै हिँड्न थाल्नुभयो । त्यहाँ अन्य धेरै मानिसहरूले परमेश्वरलाई महिमा दिनुभयो । मार्च १८ मा, गड द त्रिनिटी चर्चका पास्टर – विशप शमूएल परवेजले "येशू ख्रीष्ट" शीर्षकमा प्रवचन दिनुभएको थियो ।


सियालकोट

### ♦ फैसलाबाद र इस्लामाबादमा शक्तिशाली कार्यहरूको उत्प्रवाह

मार्च १९ र २० तारिखका दिन, पाकिस्तान संयुक्त मेथोडिष्ट समाजको विशप, पास्टर बशीर एल मलका साथ फैसलाबाद पास्टरीय सम्मेलन आयोजना गरिएको थियो । उपस्थित पास्टरहरूले भन्नुभयो, "विश्वासी जीवनमा मेरा थुप्रै प्रश्नहरू थिए तर ती सबैको उत्तर मैले आज पाएँ ।" अर्को पास्टरको भनाइ यस्तो थियो, "मैले येशू र येशू ख्रीष्ट नाम बीचको भिन्नता महसुस गरें र येशूले मरियमलाई 'नारी' भनी सम्बोधन गर्नुभएको कारण बुझें ।"

मार्च २२ तारिखका दिन इस्लामाबाद जिजस कल्स चर्चले एक आश्चर्यजनक चङ्गाइ क्रूसेडको आयोजना गरेको थियो । मार्च २३ तारिखको दिन इस्लामाबाद र रावलपिण्डीका पास्टरहरूको निम्ति पास्टरीय सेमिनार र आश्चर्यजनक चङ्गाइ क्रूसेड सञ्चालन गरिएको थियो । एक पास्टरको भनाइ यस्तो थियो, "मैले ईश्वरशास्त्रमा विद्यावारिधि गरेको भए तापनि हामी पास्टरहरूले लिनुपर्ने बाटो देखाउने यस्तो प्रकारको सन्देश मैले कहिल्यै पनि सुनेको थिइनँ ।" आश्चर्यजनक चङ्गाइ क्रूसेडमा जुलेखा नाम गरेकी एक ७ महिने बालिका पनि उपस्थित थिइन जसको शारीरिक विकास सामान्य रूपमा भइरहेको थिएन र उनको खुट्टा साह्रै पातलो र बाङ्गो थियो । तर पास्टर गीलको प्रार्थनापछि उनको खुट्टा सोझो भयो । यी बाहेक अन्य थुप्रै उदेग लाग्दा शक्तिका कार्यहरू प्रकट भए र मानिसहरूले परमेश्वरलाई महिमा दिए ।


इस्लामाबाद

### ♦ रावलपिण्डीमा गवाहीहरूको उत्प्रवाह

मार्च २४ र २५ तारिखमा, फुल गोस्पल असेम्ब्लीका उप-विशप पास्टर जर्जको अनुरोधमा एक पास्टरीय सम्मेलन र आश्चर्यजनक चङ्गाइ क्रूसेड आयोजना गरिएको थियो । पास्टर गीलको रूमालसहितको प्रार्थनाद्वारा, चार वर्ष अघि मोतिविन्दुको शल्यक्रियापश्चात् दृष्टि गुमाएको देब्रे आँखामा रूथ डेबिड (५५ वर्षिया, महिला) ले दृष्टि पाइन् । हृदयघातको कारणले आएको अशक्तताबाट निको भएपछि इम्मानूएल (७३ वर्षिया, पुरुष) कुनै पनि सहायता विना आफैं हिँड्न सक्ने हुनुभयो । अजीज-उद-सिन (६४ वर्षिया, पुरुष) को दाहिने काखीमुनि भएको ठूलो ट्यूमर प्रार्थनापछि सानो भयो । उहाँ आफ्नो हात उचाल्न सक्ने हुनुभयो । मधुमेहको कारणले पक्षघात भएको एक मानिसलाई प्रार्थना ग्रहण गर्न स्ट्रेचरमा राखेर ल्याइएको थियो । १४ दिनको छोटो समयमा नै ती व्यक्ति पहिलो पटक बोल्न सक्ने हुनुभयो । यी बाहेक अन्य थुप्रै चङ्गाइका गवाहीहरू प्रचुर मात्रामा थिए ।


रावलपिण्डी

### ♦ कराची क्षेत्रले डा. लीका प्रवचन कार्यक्रमहरूद्वारा अनुग्रह पाएको छ

मार्च २५ तारिखको दिन, मिशन समूहले इसहाक टि.भी. का निर्देशक अफिस नाजिरसहित कराचीका स्थानीय केवल टि.भी. प्रसारणकर्ताहरूसित प्रसारण कार्यमा सहकार्य गर्नका निम्ति छलफल गर्नलाई भेट गरेको थियो । इसहाक टि.भी. का अध्यक्ष पास्टर अन्वर फजल हुनुहुन्छ । उहाँहरूले भन्नुभयो, "कराचीका मानिसहरू इसहाक टि.भी. मार्फत प्रसारण हुने डा. लीका प्रवचनहरू सुन्ने चाहना गर्दछन् र उनीहरूले स्थानीय केवल स्टेशनहरूलाई उहाँका प्रवचनहरू प्रसारण गर्न अनुरोध गरेका छन् ।" त्यतिबेला, उहाँहरूले इसहाक टि.भी. सित प्रसारण सम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो । कतिपय, केवल स्टेशनहरू मुश्लिम छन् । इसहाक टि.भी. ले दिनमा आठ घण्टाभन्दा बढी जि.सि.एन. टि.भी. का कार्यक्रमहरू डा. लीका प्रवचनहरू र मानमिनका प्रस्तुतिहरू प्रसारण गर्दछ ।

### ♦ हैदराबाद पास्टरीय संघ मानमिनको सेवाकाइसित सहकार्य गर्न सहमत

मार्च २६ तारिखमा मिशन समूह हैदराबाद शहरमा आइपुग्यो जहाँ २० लाख मानिसहरूको बसोबास छ । सम्पूर्ण शहरमा तीसदेखि चालिस जनासम्म पास्टरहरू हुनुहुन्छ र उहाँहरूमध्ये बीस जना हैदराबाद पास्टरीय संघका सदस्यहरू हुनुहुन्छ । त्यस सम्मेलनमा आउनुहुने पास्टर हरूको भनाइ यस्तो थियो, "यस प्रकारको रहस्य प्रकट गरिदिने गहिरो वचन सुन्न पाउनु ठूलो आशिष्को कुरा हो ।" सेमिनारपछि, सो संघ मानमिनको सेवाकाइसित सहकार्य गर्न सहमत भएको थियो । साँझपख, एक आश्चर्यजनक क्रूसेड आयोजना गरिएको थियो र परमेश्वरको उदेकको शक्ति फेरि प्रकट भयो । दुइ वर्ष अघि आँखाको शल्यक्रिया गरेपश्चात् पूर्ण रूपले दृष्टिविहीन ७५ वर्षिया सुवह मस्सीले रूमालको प्रार्थना ग्रहण गर्दा, उनको दाहिने आँखामा ज्योतिको किरण आयो र उहाँ देख्न सक्ने हुनुभयो ।


हैदराबाद

GCN
Tel: 82-2-824-7107
Fax: 82-2-813-7107
www.gcntv.org
e-mail: webmaster@gcntv.org

MIS Manmin International Seminary
Tel: 82-2-818-7334
Fax: 82-2-830-3310
www.manminseminary.org
e-mail: manminseminary2004@gmail.coml

WCDN World Christian Doctors Network
Tel: 82-2-818-7039
Fax: 82-2-830-5239
www.wcdn.org
e-mail: wcdnkorea@gmail.com

URIMBOOKS
Tel: 82-70-8240-2075
Fax: 82-2-851-3854
urimbook.net
e-mail: urimbook@hotmail.com